# आगलागी, तातो हावा (लू) आकस्मिक योजना
# २०८२

# Fire & Heat Wave Contigency Plan
# 2025

**नेपालगञ्ज उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नेपालगञ्ज, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

Scanned with CamScanner

## १: पृष्ठभुमि

नेपालगञ्ज उपमहानगरपालिका विशेष गरी बाढी, डुवान, आगलागी, चटयाङ, हावाहुरी, तातो हावा (लू),वन डढेलो र महामारीजस्ता विपद् बाट बढी प्रभावित भइरहने स्थानीय तह हो भने यसका साथै खुख्खा खडेरी, फौजी किराको प्रकोप, सडक दुर्घटना यहाँका प्रमुख समस्या छन्।यि बिभिन्न प्रकोप मध्ये नेपालगञ्ज उपमहानगरपालिकामा आगलागी, चटयाङ, हावाहुरी, तातो हावा (लू) एक मुख्य प्रकोप भएकोले यसको योजना तयार गरेको छ।

आगलागी, तातो हावा (लू) प्रकोपको असर न्यूनिकरण गर्नका लागि सरोकारवाला निकायको परिचालन गरी स्थानीय विपद् व्यवस्थापन समितिले समयमा सर्तकता अपनाउने गरी योजनामा समावेश गरेको छ। यस समयमा आवश्यकता अनुसार सामुदायिक बन उपभोक्ता समिति, निजि क्षेत्रको भूमिका उल्लेख्य हुने गरेको छ। विपद् व्यवस्थापन समितिले गर्मी मौसममा विशेष गरी वालवालिका, जेष्ठ नागरिक, विपन्न परिवार बढी प्रभावित हुने भएकाले योजना निर्माणमा संकटासन्न वर्गका लागि विशेष प्राथमिकता दिने गरी योजना तयार गर्ने प्रयास गरेको छ। विशेष गरी आगलागीका घटनाहरुको न्यूनिकरणका लागि स्थानीय तहमा रहेका दमकल तथा आगलागी नियन्त्रणका स्रोत साधनलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन अन्तरपालिका, समन्वयलाई समेत जोड दिने गरि कार्य गरिरहेको छ।

बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्का कारण वर्षेनी ठुलो मात्रमा धनजनको क्षति हुने गरेको छ। प्राय चैत्र देखि असार महिनासम्म अत्याधिक गर्मी हुने गरेको छ भने देशका किरब सबै भु-भाग यसबाट अछुतो छैन। बिहानको समयमा केहि कम तापक्रम रहेता पनि दिउँसोको समयमा तापक्रम उच्च हुदैं जान्छ। यस समयमा अधिकतम तापकम ४५ डिग्री वा सो भन्दा बढीसम्म मापन गरिएको छ। गर्मी समयमा हावाको तापक्रममा बृद्धि हुने तथा तातो हावा (लू) चल्ने हुदाँ कतिपय मानिसहरुले यसैका कारण ज्यान गुमाउनु परेको छ।
विगतका तथ्याङ्कलाई हेर्दा फाल्गुन देखि जेष्ठसम्मको अवधिमा आगलागीका घटनाहरु बढी हुने गरेको पाइन्छ। लापरवाहीले क्षणभरमा हाम्रो घर, धन सम्पति, वनजंगल तथा अन्न पातहरु जलेर नस्ट हुन् सक्छन्। प्रत्येक वर्ष हाम्रो देशमा प्रशस्तै आगलागी तथा वन डढेलो भई ठूलो मात्रामा धनजनको क्षति भईरहेको तथ्याङ्कले देखाउछ।
आगलागी नियन्त्रणका लागी सबै सरोकारवाल निकाय, सरकारी, गैरसरकारी संघसंस्थाहरु तथा नागरिक समाजलगायतको संयूक्त पहल भईरहेको छ तथापी नीतिगत, कानूनी, संरचनागत, कार्यक्रम र अनुगमनको कमि कमजोरीका कारण प्रभावकारी ढंगले आगलागी नियन्त्रण हुन सकिरहेको छैन। आगलागीजन्य विपद् व्यवस्थापनको पूर्वतयारीको कमि र आगलागी पश्चात समुदाय तथा वस्तीमा पर्ने जोखिमलाइ न्यूनीकरण गर्न स्थानीय विपद् व्यवस्थाप समितिले विगतका वर्षहरुदेखि योजना बनाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ।

## २: योजना निर्माणको उद्देश्य

- आगलागी, तातो हावा (लू) बाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न उपलब्ध सिमित श्रोत साधनको अधिकतम परिचालन गर्ने
- स्थानीय तह विपद् व्यवस्थापन समितिवाट गरिने पूर्वतयारी तथा प्रतिकार्यका गतिबिधिलाई शीघ्र, उपयुक्त र प्रभावकारी बनाउने,
- विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुनका लागी पद्दती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने,

नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७३



Scanned with CamScanner

- प्रचारप्रसार मार्फत आगलागी, तातो हावा (लू) को असर र यसको रोकथाम तथा नियन्त्रणका उपायबारे जानकारी दिने,
- आगलागी, तातो हावा (लू) बाट क्षति, प्रभाव र नियन्त्रणका उपायहरु लक्षित वर्गसम्म पुयाउने,
- आगलागी, तातो हावा (लू) नियन्त्रणका लागी सरोकारवाला निकायहरु विच समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा आगलागी र वन डढेलो नियन्त्रण गर्ने ।

## ३: आगलागी, तातो हावा (लू) बाट प्रभावित हुनसक्ने समूह

| संकट्टासन्न समूह | सम्भावित जोखिम |
|---|---|
| जेष्ठ नागरिक ७० वर्ष भन्दा माथि | श्वास प्रश्वास जन्य रोग, नसा सम्बन्धी समस्या, लू बाट मृत्यु हुन सक्ने आदि |
| बालबालिका ५ वर्ष भन्दा मुनि | आउँ, झाडापखाला, संक्रामक रोग, विद्यालय शिक्षाबाट बञ्चितत, कुपोषण आदि |
| अपाङ्गता भएका व्यक्ति | आँउ, झाडापखाला, विद्यालय शिक्षाबाट वान्चित, कुपोषण, हिडडुलमा समस्या आदि |
| गर्भवती महिला | जलवियोजन, आँउ, झाडापखाला,पोषणयुक्त खानाको अभाव, बेहोस हुने, शरिर दुख्ने आदि |
| सुत्केरी | गर्मीजन्य रोग, सरसफाईमा समस्या |
| नसर्ने रोग भएका दिर्घरोगी व्यक्ति | उपचारमा समस्या, रोग जटिलता हुने, मृत्युसम्म हुनसक्ने आदि |
| सडक मानव | विरामी पर्ने तथा मृत्युसम्म हुनेसक्ने |
| गरिब तथा विपन्न पिरवार | जलवियोजन, आँउ, झाडापखाला, पोषणयुक्त खानाको अभाव, अन्य रोगको संक्रमण हुनसक्ने आदि |
| वाह्य कामदार ज्यालादारी मजदुर | रोजगार गुम्ने सम्भावना, बिभिन्न किसिमको विरामी हुनसक्ने, मृत्यु समेत हुनसक्ने |
| विद्यालय जाने उमेरका बालबालिका | विद्यालय बन्द हुनाले पढाई प्रभावित हुने |

**साझा समस्या:** कृषि उत्पादनमा कमी, औद्योगिक उत्पादनमा कमी, श्रमिक बेरोजगारी संख्या बृद्धि, बजार नियमित हुननसक्ने, अस्पतालमा विरामीहरुको संख्या बढ्ने तथा समग्र वातावरणीय असन्तुलन कायम हुने सम्भावना उच्च रहन्छ ।

## ४: आगलागी नियन्त्रणक आकस्मिक योजना

| क्रसं | रणनीतिक गतिविधि | जिम्मेवारी निकाय | समय |
|---|---|---|---|
| १ | अग्नि नियन्त्रण कार्यदल, प्राथमिक उपचार गर्ने स्वयमसेवक तयार पार्ने | बडा, विद्यालय, संघसंस्था | माघ, फागुन |
| २ | राहत सामाग्रीको सूची तयार गर्ने र विषयगत क्षेत्रको क्षमताको पहिचान गर्ने | नगर विपद् व्यवस्थापन समिति, LEOC | माघ, फागुन |
| ३ | सम्भावित जोखिम मुल्याङ्कन र पूर्वानुमान जोखिमयुक्त स्थानको पहिचान गर्ने | नगर विपद् व्यवस्थापन समिति, LEOC संघसंस्था | माघ, फागुन |

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७२



Scanned with CamScanner

| क्रसं | रणनीतिक गतिविधि | जिम्मेवारी निकाय | समय |
|---|---|---|---|
| ४ | प्रतिकार्यका लागि आगलागी तथा डढेलो नियन्त्रण गर्न आवश्यक सामाग्रीहरुको व्यवस्था मिलाउने | नगर विपद् व्यवस्थापन समिति,LEOC, संघसंस्था | माघ, फागुन |
| ५ | दमकलको सम्पर्क सूची तयार गर्ने तथा दमकल सेवालाई प्रभावकारी बनाउने | नगर विपद् व्यवस्थापन समिति,LEOC | नियमित |
| ६ | विपद्को षको व्यवस्था मिलाउने | नगर विपद् व्यवस्थापन समिति | नियमित |
| ७ | आगलागी नियन्त्रणका लागि जनचेतना अभियान संचालन गर्ने | विपद् व्यवस्थापन समिति, LEOC, विद्यालय | माघ, फागुन, चैत्र, बैशाख |
| ८ | हरेक कार्यालय,पसल, घरहरुमा फायर स्टिङ्ग्रुसर जडानका लागि पहल गर्ने | जिल्ला प्रशासन, संघसंस्था, उद्योग बाणिज्य संघ | नियमित |
| ९ | अति प्रज्वलनशील ग्याँस डिपो तथा डिलरहरुमा फायर हाइड्रेन्टको व्यवस्था मिलाउने तथा सम्बन्धित सरोकारवाला निकायबाट समय समयमा अनुगमन गर्ने व्यवस्था मिलाउने | नगर विपद् व्यवस्थापन समिति, LEOC सूरक्षा निकाय, उद्योग बाणिज्य संघ | नियमित |
| १० | घरमा सर्टसर्किटको कारणबाट हुने आगलागीबाट बचाउन इलेक्ट्रीसियनहरुलाई तालीम दिने | नगर विपद् व्यवस्थापन समिति, LEOC, विद्यालय, संघसंस्था | माघ, फागुन, चैत्र, बैशाख |
| ११ | घरायशी आगलागी नियन्त्रण सम्वन्धी तालीम संचालन गर्ने | विपद् व्यवस्थापन समिति, LEOC, संघसंस्था | नियमित |
| १२ | स्थानीय पाठ्यक्रममा आगलागी सम्बन्धी पाठ समावेश गर्ने | नगर शिक्षा यूवा तथा खेलकुद महाशाखा, संघसंस्था | हरेक शैक्षिक बर्ष |
| १३ | विद्यालयमा आगलागी नियन्त्रणसम्बन्धी कृत्रिम घटना अभ्यास गराई, आवश्यक पूर्वतयारी सामाग्रीको व्यवस्था गर्ने | नगर शिक्षा यूवा तथा खेलकुद महाशाखा, संघसंस्था | नियमित |
| १४ | खानेपानी संस्थानसंग समन्वय गरी उचित स्थानमा पानी भर्नका लागि फायर हाईड्रेन्ट जडान गर्ने | नगर विपद् व्यवस्थापन समिति, LEOC संघसंस्था | माघ, फागुन, चैत्र, बैशाख |
| १५ | अन्तरपालिका समन्वयका लागि संयन्त्र निर्माणगरी कार्ययोजना बनाउने | विपद् व्यवस्थापन समिति, LEOC | माघ, फागुन |
| १६ | अग्नि नियन्त्रण, प्राथमिक उपचार, खोज तथा उद्धार तालिमहरु प्रदान गर्ने र सो तालिमलाई पुर्नताजगी गर्ने | नगर विपद् व्यवस्थापन समिति, LEOC संघसंस्था | माघ, फागुन, चैत्र, बैशाख |



Scanned with CamScanner

| क्र.सं | रणनीतिक गतिविधि | जिम्मेवारी निकाय | समय |
|---|---|---|---|
| १७ | स्थानीय स्तरमा भएका स्वयंसेवकलाई स्वयंसेवक परिचालन निर्देशिका अनुसार परिचालन, व्यवस्थापन, समन्वय र तालिम दिने | नगर विपद् व्यवस्थापन समिति, LEOC विद्यालय, संघसंस्था | माघ, फागुन |
| १८ | मनोपरामर्शदाता तथा मनोसामाजिक सहजकर्ताहरुको व्यवस्था मिलाउने | नगर विपद् व्यवस्थापन समिति, LEOC . महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | माघ, फागुन |
| १९ | बीमा कार्यविधि अनुरुप कोषको व्यवस्था गरी जोखिमयुक्त समुदायका संकटासन्न घरपरिवारको बीमाको व्यवस्था मिलाउने | नगर विपद् व्यवस्थापन समिति | माघ, फागुन |
| २० | संकटासन्न समुदायको सूची तयार पार्ने तथा राहत वितरणमा प्राथमिकता दिने | LEOC विद्यालय, संघसंस्था | माघ, फागुन |

## ५: आगलागी नियन्त्रणका लागि अपनाउनु पर्ने सावधानीका उपायहरु

- हावाहुरी चलेको समयमा आगो नबाल्ने ।
- बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने ।
- अत्याधिक गर्मीको कारण विरामी भएमा तत्काल‍ै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी व्यवस्था मिलाउने ।
- गर्मीका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा सम्पर्क गरी औपधी उपचार गर्ने व्यवस्था मिलाउने।
- बालबालिकाले भेट्न सक्ने ठाउँमा सलाई, लाइटर जस्ता सामग्री नराख्ने ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बाल्ने अबधिभर भान्सा नछाड्ने ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राख्ने ।
- सिलिण्डरको पाइप, सिलिन्डर समय-समयमा जाँच गर्ने, कुनै खराबी वा टुटफुट भएमा, तुरुन्त मर्मत गर्ने ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्ने ।
- घरमा भएका विद्युत उपकरणहरू सही अवस्थामा छ/छैन नियमित जाँच गर्ने, बिजुलीको नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्ने।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने आइरन, हिटर, फ्रिज, माइक्रोवेभ, ओभन, मोटर तथा अन्य धेरै उपकरण जोडेर एकैचोटि प्रयोग नगर्ने ।
- २ पिन स्वीचको बदलामा सिधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्ने।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरू सकेटबाट निकालेर अलग राख्ने ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरू बन्द गरेर मात्र जाने। यसले आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुर्याउछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नवाल्ने, बारी, बाटोमा बालिएको आगो पूर्ण रूपमा निभेको सुनिश्चत गर्ने।

नगर कार्यपालिकाको कार्यालय, बुटवल, लुम्बिनी प्रदेश, नेपाल २०७४



Scanned with CamScanner

- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस्। यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्ने ।
- चुरोटका ठूटा जथाभावी नफाल्ने ।
- आफ्नो मोबाइलमा वा घरको टेलिफोन सम्पर्क सूचीमा दमकलको सम्पर्क नम्वर राख्नुहोस ।
- घरमा रहेका पानीका ट्याँकी पूर्ण रूपमा रित्तो हुञ्जेल प्रयोग नगर्ने, आकस्मिक अवस्थाको लागी केही मात्रामा पानी जोहो गरेर राख्ने।
- घरमा फायर ब्लङ्केट, फायर एस्टिङ्गुसर राख्ने।
- कोठामा सिट्ठी, टर्चलाइट सदैव तैयारी अवस्थामा राख्ने ।
- कुनै आगलागीको घटना देखिएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्ने र नियन्त्रणमा सहयोगका लागी आग्रह गर्ने।
- आगोको आकारमा विचार पुर्याउने, आगो फैलनसक्ने र आगो नियन्त्रणमा आउने सम्भावना नभएमा तत्काल बारुण यन्त्रलाई खबर गर्ने ।
- बिद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्ने ।
- बिद्युतीय बाहेक अन्य सामान्य सानो आगलागी भएमा पानीको सहायताले निभाउने प्रयास गर्ने ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्ने ।

## ६. तातो हावाको लहर (लू) को आकस्मिक योजना

| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | जल तथा मौसम विभागबाट लू सम्बन्धी जारी हुने सूचना वडा र समुदायसम्म प्रवाह हुने व्यवस्था गर्ने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC | बडास्तरिय विपद् व्यवस्थापन समिति |
| २ | लू को अबस्था, त्यसबाट हुने असर र बच्ने उपायका सम्बन्धमा बडास्तरमा विपद संबाद गर्ने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC | संचार माध्यम, रेडक्रस |
| ३ | लू बाट बच्ने उपायसम्बन्धी स्थानीय भाषामा प्रचारप्रसार गर्ने (पर्चा, पम्पलेट, माइकिङ्ग, SMS, | नगर विपद् ब्यवस्थापन शाखा, LEOC | संचार गृह, रेडियो, टेलिभिजन, रेडक्रस सञ्जाल |
| ४ | शहरी क्षेत्रका विभिन्न स्थानमा हेल्थ डेस्क, सहित पाल, टेण्ट राख्ने र पानी, जीवनजल, सर्वत वितरणको व्यवस्था मिलाउने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC, स्वास्थ्य महाशाख | निजी क्षेत्र, सहयोगी संस्था, रेडक्रस |
| ५ | लू बाट कुनै घटना भएको अवस्थाबारे जानकारी हुने वित्तिकै औषधि स्वाध्यकर्मी सहितको टोली परिचालन गर्ने गरी सम्बन्धित वडा तहमा कार्य टोली तयारी गर्ने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC, स्वास्थ्य महाशाख | बडास्तरीय विपद् व्यवस्थापन समिति |

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७२



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ६ | लू को अवस्था हेरी शैक्षिक संस्थाहरुको पठनपाठनको समय परिवर्तन गर्ने वा शैक्षिक संस्था बन्द गर्ने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC, शिक्षा महाशाख | बडास्तरीय विपद् व्यवस्थापन समिति र सम्बन्धित विद्यालय |
| ७ | लू को अबस्था हेरी हाट बजार, मेला महोत्सव लगायत भिडभाडजन्य क्रियाकलाप निरुत्साहित गर्ने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC, स्वास्थ्य महाशाख, सुरक्षा समिति | वडास्तरीय विपद् व्यवस्थापन समिति |
| ८ | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुले कार्यस्थलमा सेवाग्राहीहरुलाई शीतल प्रतिक्षालय, चिसो पिउने पानी, पंखा लगायत सुविधा उपलब्ध गराउने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC, स्वास्थ्य महाशाखा | वडास्तरीय विपद् व्यवस्थापन समिति, संघसंस्था, रेडक्रस |
| ९ | विघुत आपूर्तिलाई नियमित गर्ने गराउने | नेपालगञ्ज विद्युत कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| १० | श्रमीक तथा दैनिक कामदारहरुको कार्य समय विहान बेलुका मिलाउने | सम्बन्धित कलकारखाना | जिल्ला प्रशासन कार्यालय |
| ११ | तातो हावा तथा लूबाट अधिक प्रभावित हुने श्रमिक, दैनिक मजदुरको स्वास्थ्य विमा गर्ने | औद्योगिक प्रतिष्ठान | नगर विपद् ब्यवस्थापन शाखा, स्वास्थ्य महाशाखा |
| १२ | लक्षित बर्ग तथा श्रमिक चहलपहल स्थानहरुमा चिसो पानी, सर्वत वितरण गर्ने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC | बडा विपद् व्यवस्थापन समिति, संघसंस्था, रेडक्रस र निजि क्षेत्र, आदि |
| १३ | शहर तथा बसोबास क्षेत्रको तापक्रम कम गर्ने उपायहरु जस्तै फलसिलीङ्ग, भेन्टीलेसनको अधिक प्रयोग, जस्तापातामा सेतो रंङ्ग लगाउने कार्यलाई प्राथमिकता दिने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC | विपद् व्यवस्थापन समिति, जोखिमयुक्त घरपरिवार, वडा कार्यालयहरु |
| १४ | सार्वजनीक स्थल तथा कार्यालयहरुमा शितलकक्षको व्यवस्थापन गर्ने | नगर विपद् ब्यवस्थापन शाखा, LEOC | निजी क्षेत्र, सम्वन्धित कार्यालय संघसंस्था, रेडक्रस आदि |
| १५ | बृक्षारोपण कार्यलाई बढाउने, एक घर एक रुख अभियान सञ्चालन गर्ने | नगर बन बातावरण शाखा | नगर विपद् व्यवस्थापन समिति संघसंस्था, रेडक्रस |



Scanned with CamScanner

## अनुसूची १
## बाँके जिल्लाका एम्बुलेन्स सेवाको विवरण

| सि.नं. | संस्थाको नाम | ठेगाना | चालक | |
|---|---|---|---|---|
| | | | नाम | सम्पर्क नं |
| १ | नेपाल रेडक्रस सोसाइटी बाँके | नेपालगञ्ज | विरेन्द्र योगी | ९८४८०४४४९४ |
| २ | ग्रामिण विकास मन्च नेपाल | नेपालगञ्ज | सुरेश बाल्मीकी | ९८४८०४६५९१ |
| ३ | भेरी अस्पताल (सवबाहन समेत) | नेपालगञ्ज | राम कुमार चौधरी | ९८५८०८०३६५ |
| ४ | नेपालगन्ज हेल्थ क्याम्पस | नेपालगञ्ज | रज्जव अली अन्सारी | ९८४८०३१३१९ |
| ५ | नेपाल परोपकार फाउण्डेशन | नेपालगञ्ज | अजय वाल्मिकी | ९८४८०१२४३७ |
| ६ | विशेषज्ञ बाल अस्पताल प्रा. लि. | नेपालगञ्ज | झल्लु चमार | ९८१४५०७१३६ |
| ७ | एभरेष्ट हेल्थ कियर नेपालगंज | नेपालगञ्ज | आरिफ खान | ९८४८२९७९३७ |
| ८ | लता केयर | नेपालगञ्ज | तेज नारायण डाँगी | ९८०२५२३२५६ |
| ९ | लायन्स क्लव अफ नेपालगन्ज | नेपालगञ्ज | पप्पुसिह बाढीया | ९८४४८०१६८१ |
| १० | लियो क्लब नेपालगन्ज | नेपालगञ्ज | सोनु धपाली | ९८६४९७१३५० |
| ११ | लियो क्लब नेपालगन्ज | नेपालगञ्ज | राजिवकुमार गुप्ता | ९८४८०२२२४८ |
| १२ | वेष्टर्न हस्पिटल प्रा.लि. | नेपालगञ्ज | ओम थापा | ९८४८०७१९३१ |
| १३ | कान्ती आरोग्य हस्पिटल प्राली | नेपालगञ्ज | करण वली | ९८४११८६०५५ |
| १४ | संजीवनी डाइग्नोस्टिक सेन्टर | नेपालगञ्ज | इश्वर चौधरी | ९७६६६५९१६२ |
| १५ | सुनगाभा स्वास्थ्य सहकारी संस्था | नेपालगञ्ज | कमल सिह क्षेत्री | ९८४८२९८२९३ |
| १६ | नेपालगँज मेडिकल कलेज | नेपालगञ्ज | जग्गु सिंह | ९८४८०२७२८३ |
| १७ | हेल्थ कियर अस्पताल | नेपालगञ्ज | मनिस चौधरी | ९८४५५७६८११ |
| १८ | साइनिङ अस्पताल(आइएनएफ) | नेपालगञ्ज | आशिष रानामगर | ९८४८१७४२३८ |
| १९ | न्यू भिजन नेपाल | नेपालगञ्ज | कमल वाल्मीकी | ९८४८०४६५९० |
| २० | नेपालगंज सामाजिक स्वास्थ्य सुरक्षा विकास केन्द्र | नेपालगञ्ज | रुपेश श्रेष्ठ | ९८२२४४२१०० |
| २१ | स्माइल फाउन्डेसन | नेपालगञ्ज | जानअलि नाऊ | ९८४४८८८६३३ |
| २२ | मधेशी मूस्लीम मञ्च नेपाल | नेपालगञ्ज | नन्दराम पुन मगर | ९८५८०२८१८० |
| २३ | नेपालगञ्ज उद्योग बाणिज्य संघ | नेपालगञ्ज | दिपेश कुमार थारु | ९८५८०३२३६५ |
| २४ | सामुदायिक सवलीकरण तथा विकास मञ्च सुर्खेत | नेपालगञ्ज | रुखमान मिया | ९७६५८४६५२९ |
| २५ | नेपाल रेडक्रस सोसाइटी कोहलपुर उपशाखा | कोहलपुर | खेमराज पुरी | ९८४८०८५२९५ |
| | | | मनोज वोगटी | ९८४८०८५२९६ |
| २६ | कौशिल्या मेमोरियल अस्पताल, हवलदारपुर | हवलदारपुर | इर्साद जसगण | ९८४८०८०१३२ |
| | | | महाविर वि.क. | ९८५८०८०१३२ |
| २७ | कौसिल्या अस्पताल | कोहलपुर | सिताराम खड्का | ९८५८०८९९९१ |
| २८ | वेयलफेयर फाउन्डेसन | कोहलपुर | सन्तोष भुषाल | ९८४८०२९०९० |
| २९ | सृजनशिल सहकारी | कोहलपुर | पदम बहादुर क्षेत्री | ९८५८०७२१७२ |
| ३० | प्रतिवोध एफएम | कोहलपुर | रेशम सुनार | ९८४५५५८८२८ |



Scanned with CamScanner

| सि.नं. | संस्थाको नाम | ठेगाना | चालक | |
|---|---|---|---|---|
| | | | नाम | सम्पर्क नं |
| ३१ | कोहलपुर नगरपालिका | कोहलपुर | कृष्ण राणा | ९८६८९५३२२५ |
| ३२ | सामुदायिक सेवा केन्द्र कोहलपुर | कोहलपुर | बलबहादुर वि.सी. | ९८५८०२३१५५ |
| ३३ | संरक्षण स्वास्थ्य सेवा संघ | कोहलपुर | दिपेश श्रेष्ठ | ९८५८०२०३२४ |
| ३४ | ऐचोपैचो सहकारी | कोहलपुर | विक्रम पौडेल | ९७६९४२८१८० |
| ३५ | चिसापानी स्वास्थ्य चौकी | बैजनाथ | चन्द्र बहादुर बुढा | ९७४६९२१०११ |
| ३६ | टिटहरिया स्वास्थ्य चौकी | बैजनाथ | निरज चौधरी | ९८१२४५०५१३ |
| ३७ | नौवस्ता स्वास्थ्य चौकी | बैजनाथ | चेतन सुनार | ९८७७९११३८३ |
| ३८ | खजुरा गाँउपालिका | खजुरा | भुवनेश्वर थारु | ९८४८२५९१६१ |
| ३९ | सुशिल कोइराला क्यान्सर अस्पताल | खजुरा | प्रेम अधिकारी | ९८४८०९०१७६ |
| ४० | नेपाल भूपू सैनिक एकाई संघ | खजुरा | ठेक वहादुर आले | ९८४८२३६२९७ |
| ४१ | नेपाल रेडक्रस सोसाइटी | खजुरा | बब्लु शेख | ९८१९५८३३६८ |
| ४२ | महिला तथा बालवालिका विकास समाज रनियापुर | खजुरा | साकीर अलि | ९८१२४६५४२८ |
| ४३ | लायन्स क्लव खजुरा | खजुरा | समिर अन्सारी | ९८६८०७९६८६ |
| ४४ | नेपाल रेडक्रस सोसाइटी | रासीसोनारी | शकर परियार | ९७६८४६१४९२ |
| ४५ | नेपाल रेडक्रस सोसाइटी कचनापुर उपशाखा | रासीसोनारी | जगे सिजाली | ९८४८२८४३६ |
| ४६ | फत्तेपुर स्वास्थ्य चौकी, फत्तेपुर | रासीसोनारी | सूर्यकुमार दिक्षित | ९८६८०५५४१६ |
| ४७ | स्वेता पोलीक्लीनिक बैजापुर | रासीसोनार | उमेश वली | ९८६०९२९८७२ |
| ४८ | रासीसोनारी अस्पताल | रासीसोनारी | लोक बहादुर थारु | ९८४०४१०२९२ |
| ४९ | बिनौना स्वास्थ्य चौकी | रासीसोनार | मनोजकुमार थारू | ९८४८०१९७४३ |
| ५० | रासीसोनानी गाँउपालिका | रासीसोनारी | चन्द्र प्रकाश चौधरी | ९८४२३५९११९ |
| ५१ | गंगापुर स्वास्थ्य चौकी | नरैनापुर | सद्भाव खान | ९८६६९४५४५८ |
| ५२ | नरैनापुर गाँउपालिका | नरैनापुर | रन्जीत खान | ९८६६२३७५६० |
| ५३ | प्राथमिक स्वास्थ्य केन्द्र नरैनापुर | नरैनापुर | निशाद खान | ९८४६४१८८२६ |
| ५४ | डुडुवा गाँउपालिका | डुडुवा | पप्पु लोहार | ९८५८०७४५७६ |
| ५५ | शोसल फाउन्डेसन बनकट्टी | डुडुवा | असतर खान | ९८६८००११२३ |
| ५६ | जानकी गाँउपालिका | जानकी | राम कुमार पाठक | ९८५८०४३१५८ |

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७२



Scanned with CamScanner

## अनुसुची २
## स्थानीय तह मा रहेका वारूणयन्त्र विवरण

| क.स. | दमकल संचालन गर्ने निकाय | दमकल नम्बर | दमकल संख्या | दमकल रहेको कार्यालयको नं. | दमकल चालकको नाम | चालकको व्यक्तिगत नं | दमकल ईन्चार्जको नाम नं |
|---|---|---|---|---|---|---|---|
| १ | नेपालगंज उ.म.न.पा. | भे.१ क ४४६, भे.१ ज १५५, वा.१ ग ३६३१ | ३ | ०८१—५३८१११ | आयान सिंह सरदार | ९८६८२१५२६२ ९८४८१०१८१३ ९८४८०२३१६६ | वारुणयन्त्र इन्चार्ज झईन ब. खड्का ९८४५१४७४०७ |
| २ | नेपालगंज विमान स्थल, राँझा | | २ | | प्रेम वहादुर कोरी | ९८५१०७१५१० ९८४३९२९१४० | दिनेश कुमार मण्डल ९८४८०४४१८१ |
| ३ | आयल निगम राँझा | | १ | ०८१—५६५०६३ | अकिल अहमद | ९८५१०७१५१० | दुर्गा पठाई का.प्रमुख ९८५८०२३२१९ |
| ४ | कोहपुर न.पा. | भे.१ ग ७५३ | १ | ०८१—५६५२०५ | सुजन कु.दाहाल | ९८४३९२९१४० | वीरबहादुर थापा ९८५८०९००३५ |
| ५ | नरैनापुर गा.पा. | भे.१ ज १५१ | १ | ०८१—५६५२६३ | जंग पुर्कुटी | ९८५८०३१०७१ ९८६३१६१८४४ | LEOC बच्छुराज विश्वकर्मा ९८५८०३१०७२ |



Scanned with CamScanner